# ज्योति विकास बैंक लिमिटेडको

## १८ औं वार्षिक साधारणसभामा भएका कामकारबाहीको विवरण (माइन्युट)

ज्योति विकास बैंक लिमिटेडको मिति २०८२ साल फागुन ५ गते मंगलबार बसेको सञ्चालक समितिको ५४३ औं बैठकको निर्णयअनुसार मिति २०८२ साल फागुन ६ र १० गते राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी मिति २०८२ फागुन २८ गतेका लागि बोलाइएको १८ औं वार्षिक साधारणसभामा प्रस्ताव गरिएका विषयहरू माथि छलफल तथा निर्णय गर्न कम्पनी ऐन, २०६३ तथा विकास बैंकको प्रबन्धपत्र र नियमावलीको व्यवस्था बमोजिम बैंकका अध्यक्ष श्री हरि चन्द्र खड्काको अध्यक्षतामा सम्पन्न १८ औं वार्षिक साधारण सभाका कामकारबाहीको विवरण एवम् निर्णय पुस्तिका (माइन्युट) देहायबमोजिम रहेको छ ।

१. **सभा सम्पन्न मिति, समय र स्थान :**

**मिति : २०८२ साल फागुन २८ गते बिहिबार (तदनुसार १२ मार्च, २०२६)**
**समय : विहान ११:०० बजे ।**
**स्थान : लिसारा रिसेप्सन, नक्साल, काठमाडौं ।**

२. **उपस्थिति :**

**(क) सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री हरि चन्द्र खड्का | - अध्यक्ष |
| २) श्री सन्तोष अधिकारी | - सञ्चालक |
| ३) श्री राम कुमार श्रेष्ठ | - सञ्चालक |
| ४) श्री ध्रुव कोइराला | - सञ्चालक |
| ५) श्री मन महर्जन | - सञ्चालक |
| ६) श्री नरेश राज आचार्य | - सञ्चालक |
| ७) श्री रेशम राज रेग्मी | - स्वतन्त्र सञ्चालक |

**(ख) व्यवस्थापनका पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री कपिल ढकाल | प्रमुख कार्यकारी अधिकृत |
| २) श्री प्रकाश बराल | वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ३) श्री बलदेव थापा | सहायक महाप्रबन्धक/कम्पनी सचिव |
| ४) श्री उमा श्रेष्ठ | प्रमुख वित्त अधिकृत |

**(ग) अन्य आमन्त्रित उपस्थिति :**

१) श्री भेष राज खतिवडा, सुपरवेक्षक, ज्योति सामुहिक लगानी कोष
२) श्री दिवस राई, कम्पनी रजिष्ट्रारको कार्यालय
३) श्री कौशल्या पाण्डे, महाप्रबन्धक, एन.आइ.एम.बि एस क्यापिटल
४) चार्टड एकाउण्टेन श्री निर्देश श्रेष्ठ, बाह्य लेखापरिक्षक (PJPN & Co.)
५) वरिष्ठ अधिवक्ता श्री नमराज रिजाल, बैंकका कानूनी सल्लाहाकार

**(घ) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| (क) स्वयम् उपस्थित | ३४६ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित | १४२४ जना |

## ३. छलफलका विषय :

### (क) सामान्य प्रस्ताव

(१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि.को २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारीत गर्ने ।

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

### (ख) विशेष प्रस्ताव : *साधारणसभाका लागि विषेश प्रस्ताव नरहेको ।*

**सूचना प्रकाशनः**

मिति २०८२ साल फागुन ५ गते मंगलबार बसेको सञ्चालक समितिको ५४३ औं बैठकको निर्णय तथा कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम यस ज्योति विकास बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभा मिति २०८२ साल फागुन २८ गते बिहिबार (तद्नुसार १२, मार्च, २०२६) लिसारा रिसेप्सन, नक्साल, काठमाडौं बिहान ११.०० बजेबाट सञ्चालन गर्ने सूचना मिति २०८२ फागुन ६ गते (२१ दिन अघि) प्रथम पटक नयाँ पत्रिका राष्ट्रिय दैनिक र पुनः मिति २०८२ फागुन १० गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरीएको थियो । उक्त सूचना तथा १८ औं वार्षिक प्रतिवेदन यस विकास बैंकको वेबसाइट www.jbbl.com.np मा समेत राखीएको र शेयरधनी महानुभावहरूलाई बैंकको रेकर्डमा रहेको इमेल ठेगानामा इमेल मार्फत र मोबाइल नं. मा एस एम एस मार्फत सूचित गरिएको साथै यस साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूलाई सम्भव भएसम्म भौतिक रुपमा नै उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो ।

## ४. गणपूरक सङ्ख्या :

| कुल शेयरधनीको सङ्ख्या | जम्मा उपस्थित सङ्ख्या (स्वयम्, प्रतिनिधिद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (सङ्ख्यामा) | बाँडफाड भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ९०,३९८<br>(क-ख समूह)<br>(भौतिक तथा अभौतिक) | जम्मा १७७० जना<br>(स्वयम् उपस्थित ३४६ जना, प्रतिनिधिपत्र (प्रोक्सी द्वारा) १४२४ जना ) | २,२७,०४,३१४.६३ | ५१.६५ % |
| **जम्मा शेयर सङ्ख्या** | **४,३९,५७,८५८.८५** | | |

## ५. सभाको वैधानिकता तथा अध्यक्षताः

कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा विकास बैंकको नियमावलीको नियम, २३ बमोजिम यस विकास बैंकको १८औं वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरूको हाजिर पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल सहभागी संख्या १७७० रहेको र कुल शेयरको ५१.६५ प्रतिशत उपस्थिति भई गणपुरक सङ्ख्याका लागि पर्याप्त रहेको व्यहोरा जानकारी गराउनुभयो । साधारणसभा सञ्चालनका लागि आवश्यक वैधानिकता पुरा भएको जनाउँदै कम्पनी सचिवले सभाको अध्यक्षता ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री हरि चन्द्र खड्का ज्यूलाई अनुरोध गर्नुभयो र अध्यक्ष ज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिवले विकास बैंकको वर्तमान सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत लगायतका पदाधिकारीहरू तथा नियमनकारी निकायका प्रतिनिधि ज्यूहरूलाई आसन ग्रहण गराउनुभयो ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

६. **सभाको उद्घाटन :**

कम्पनी सचिवको अनुरोध बमोजिम सभाध्यक्ष तथा बैंकका अध्यक्ष श्री हरि चन्द्र खड्काज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको विधिवत सुभारम्भ गर्नुभयो । तत् पश्चात राष्ट्रिय गान र ज्योति विकास बैंकको संस्थागत गान बजाइएको र सोमा सम्पूर्ण उपस्थित महानुभावहरुले उठेर सम्मान व्यक्त गर्नुभयो ।

७. **प्रमुख कार्यकारी अधिकृत कपिल ढकालबाट स्वागत मन्तव्य :**

प्रमुख कार्यकारी अधिकृत श्री कपिल ढकालले बैंकको १८ औं वार्षिक साधारणसभामा सहभागी हुनुभएका सम्पूर्ण शेयरधनी महानुभाव तथा आमन्त्रित अतिथि महानुभावलाई बैंकको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै विकास बैंकको हालको अवस्थामा र भावी योजना समेतका बारेमा संक्षिप्त मन्तव्य व्यक्त गर्नुभयो ।

८. **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति :**

कम्पनी सचिवले अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको प्रतिवेदन पेश गर्न सभाध्यक्षलाई अनुरोध गर्नुभयो । सभाध्यक्षले सर्वप्रथम सम्पूर्ण शेयरधनी महानुभावलाई ज्योति विकास बैंक लि. को १८ औं वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष आफ्नो मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सञ्चालक समितिको प्रतिवेदनमाथि छलफलमा भाग लिन तथा यस विकास बैंकको कारोबार सम्बन्धी विविध पक्षहरूमा आफ्नो विचार मन्तव्य तथा जिज्ञासाहरू व्यक्त गर्न शेयरधनी महानुभावलाई अनुरोध गरियो ।

९. **छलफलमा सहभागी हुने शेयरधनी महानुभाव :**

छलफलका क्रममा १७ जना शेयरधनीहरुले आफ्नो मन्तव्य राख्नुभयो भने ६ जना शेयरधनी महानुभावहरूले आ-आफ्नो राय र सुझावहरू लिखित रुपमा पेश गर्नुभयो । शेयरधनी महानुभावहरुको मन्तव्य तथा राय सुझावहरु निम्नानुसार रहेको थियो ।

**क) प्रत्यक्ष उपस्थित भई मन्तव्य राख्नुहुने शेयरधनी महानुभावहरु :**

**१) श्री उत्तम दत्त पाण्डे**

- आ.व. २०८१/८२ मा नेपालको आर्थिक गतिविधिमा देखिएको सिथिलता, अपेक्षित सुधार हुन नसकेको अवस्था, बैकिङ्ग क्षेत्रमा प्रयाप्त लगानीयोग्य रकम उपलब्ध हुँदाहुँदै र कर्जाको ब्याजदर घट्दा समेत कर्जा विस्तार हुन नसकेको र बैकिङ्ग क्षेत्रमा देखिएको निस्कृय कर्जा दर ज्योति विकास बैंकमा समेत परेको छ ।
- यस विकास बैंकका भावी योजनाहरू समग्रमा सकारात्मक रहेतापनि शेयरधनी साथीहरूको मुख्य तथा पहिलो चासोको विषय लाभांश वितरण हुन नसकेको सन्दर्भमा सम्पूर्ण शेयरधनीहरू निराश भएका छन् । तसर्थ, आगामी वर्षमा लाभांश वितरण गर्न सफल तथा सजग रहन सञ्चालक समितिलाई अनुरोध गर्दछु ।
- प्रति शेयर आम्दानी आर्थिक वर्ष २०८०/८१ मा ३.८८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा घटेर २.२८ प्रतिशत पुगेको र आर्थिक वर्ष २०८१/८२ मा चुक्ता पूँजी रु.४,३९,५७,८५,८८६।-(अक्षेरेपी चार अर्ब उन्नचालीस करोड सन्ताउन्न लाख पचासी हजार आठ सय छयासी रुपैयाँ मात्र) रहेको अवस्थामा खुद आम्दानी जम्मा रु.१० करोड मात्र हुनु दुःखद विषय हो ।
- कुल निष्क्रिय कर्जा आर्थिक वर्ष २०८१/८२ मा ७.७५ प्रतिशत रहेको र सम्पत्तिहरू यथासिघ्र लिलाम बिक्री गरी बैंकको आम्दानी वृद्धि गर्न अनुरोध गर्दछु ।
- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत शिक्षा, स्वास्थ्य, मानवीय सहायता आदि क्षेत्रमा रु.४९,८२,४०२।-(अक्षेरेपी उन्नचास लाख बयासी हजार चार सय दुई रुपैयाँ मात्र) खर्च गरिएकोमा छ ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

## २) श्री भेष राज भण्डारी

- शेयरधनीहरूलाई लाभांश वितरण गर्न असमर्थ रहेको कुरा सुन्दा शेयरधनीहरू सन्तुष्ट हुन सकेका छैनन् । आगामी वर्षदेखि शेयरधनीहरूले आफ्नो लगानीको उचित प्रतिफल प्राप्त गर्ने गरी कार्य गरियोस् तथा लाभांश वितरण गर्न सकिने अवस्था सिर्जना गरियोस् भन्ने आग्रह गर्दछु ।
- गएको पाँच वर्षको अवधिमा बैंकले हाँसिल गरेको उपलब्धीहरुको तुलनात्मक अध्ययन गर्दा विगत ४ वर्षका सुचकहरु सकरात्मक नै छन् तथापि समीक्षा वर्ष ८१/८२ मा कुल सम्पत्ति, निक्षेप संकलन कुल कर्जा तथा सापट, सञ्चालन मुनाफा, खुद नाफा जस्ता सुचकहरुमा गिरावट रहेको पाइयो । त्यसैगरी Networth, कमिशन तथा अन्य आम्दानी भने सकरात्मक नै देखियो । खर्चलाई वञ्छीत सीमा भित्र नै राख्ने प्रयास भएको छ तर पनि नाफा आर्जन नभएको अवस्थामा खर्च वृद्धि हुनु मनासिब हुदैन ।
- यहाँहरुले एक वर्षमा ३३ वटा सञ्चालक समितिको बैठक राख्नु भएको छ, बैठक कम होस् र बैठकबाट आउने Output चै बढि भन्दा बढि होस् भन्ने मेरो सुझाव रहेको छ ।
- हरेक वर्ष साधारणसभा समय मै हुनुपर्छ भन्ने मान्यता रहि आएको र साधारणसभा समयमा नै गर्न र लेखापरिक्षकसँग समयमा प्रतिवेदन पेश गर्ने सम्झौता गरेर मात्र नियुक्ती गर्न आग्रह गर्दछु ।
- शेयरधनीहरुले बुझिलिन बाँकि रकम ६४ लाख २२ हजार ५८५ देखिएको छ । उक्त रकम के कति कारणले गर्दा रहेको हो, गत वर्ष पनि लाभांश दिइएको थिएन त्यो भन्दा पुरानो नै हुनुपर्छ । सकेसम्म शेयरधनीहरु समक्ष ताकेता गरी वा राष्ट्रिय पत्रपत्रिकामा सूचना प्रकाशित गरेर भएपनि यथासिघ्र खातामा पठाउने व्यवस्था गर्न आग्रह गर्दछु ।
- Corporate Anthem(संस्थागत गान) ल्यानुभयो यो भन्दा अगाडी कुनै पनि संघसंस्थाले सृजना गरेको देखेको छैन र यस्ता गितहरुले पक्कै पनि संस्थाको उन्नति र प्रगती वृद्धि गर्न प्रेरणा गर्नेछ ।

## ३) श्री सुदिप श्रेष्ठ

- बैंक तथा वित्तिय संस्थाहरुको प्रमुख समस्या नै Non Banking Assets(NBA) गैर बैकिङ्ग सम्पत्ति बढ्दै गईरहेको देख्न सक्छौं र यस ज्योति विकास बैंक लि.को पनि गैर बैकिङ्ग सम्पत्ति बढ्दै गइरहेको छ । यसरी गैर बैकिङ्ग सम्पत्तिलाई बढ्दै जान दिने हो भने शेयरधनीहरुले पाउने लाभांशलाई धेरै असर पर्ने हुन्छ र अहिले बैंकको Non Performing Loan (NPL) पनि ५ प्रतिशत भन्दा बढि ७.७५ प्रतिशत पुगेको छ । NPL बढ्दै गयो भने बैंक तथा वित्तिय संस्थाहरुलाई अप्ठेरो पर्ने हुनाले सोचविचार गर्न अनुरोध गर्न चाहान्छु ।
- यस विकास बैंकले आगामी आ.व. देखि साधारणसभा समयमा नै गरोस् र यसरी साधारणसभा ढिलो गर्दा बैंकले अनावश्यक रुपमा दस्तुर(Fine) तिर्नुपर्ने हुनाले यस विषयमा विचार पुगेस् भन्न चाहन्छु र यस ज्योति विकास बैंकले भविष्यमा शेयरधनीहरुलाई केहि न केहि प्रतिफल दिओस् ।

## ४) श्री चन्द्र नारायण श्रेष्ठ

- शेयरधनीहरूको प्रमुख चासोको विषय नै लाभांश प्राप्ति हो तर विगत तीन वर्षदेखि कुनै पनि लाभांश वितरण हुन सकेको छैन । आर्थिक वर्ष २०७८/७९ मा ६.८ प्रतिशत लाभांश वितरण गरिएको थियो । तर त्यस पश्चात तीन वर्ष बितिसक्दा पनि कुनै प्रतिफल प्रदान गरिएको छैन । जुन शेयरधनीहरूका लागि अत्यन्त निराशाजनक विषय हो । यस सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्यमा समेत कुनै स्पष्ट धारणा व्यक्त गरिएको छैन र अध्यक्षज्यूबाट पनि यस विषयमा पर्याप्त उल्लेख गरिएको पाइँदैन यस विषयमा स्पष्ट धारणा, जवाफदेहिता तथा आगामी कार्य योजना सहितको प्रतिबद्धता व्यक्त गरिनु आवश्यक छ ।
- हाल संस्था केही चुनौतीपूर्ण अवस्थामा रहेको देखिन्छ, त्यसैले संस्थाको कार्यसम्पादन (Performance) सुधार गर्दै लाभांश वितरणतर्फ ध्यान दिनु आवश्यक छ । विविध खर्च शीर्षक अन्तर्गत करिब २०-२१ लाख रुपैयाँ खर्च भएको देखिए पनि यसको स्पष्ट जानकारी शेयरधनीहरूलाई नहुँदा पारदर्शितामा कमी महशुस भएको, यस्ता विषयमा आवश्यक जानकारी उपलब्ध गराइनुपर्ने देखिन्छ ।

### ५) श्री ध्रुव राज न्यौपाने

- बैंकप्रति उच्च आशा र अपेक्षा राखेर लगानी गरेको थिएँ, तर हालको बजार अवस्था तथा बैंकको प्रदर्शन हेर्दा केही निराशा अनुभूति भएको र एकपटक असफल हुनु स्वाभाविक हो, दुईपटक पनि हुन सक्छ, तर निरन्तर रूपमा अपेक्षा अनुसार नतिजा प्राप्त नहुँदा हामीजस्ता लगानीकर्ताहरू चिन्तित हुनु स्वाभाविक हो र हाल बैंकको शेयरबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको देखिन्छ ।
- मैले बैंकका वित्तीय प्रतिवेदनहरू विश्लेषण गर्दा केही कमजोरीहरू देखिएको छ । विशेषगरी पेज नं. ११ मा उल्लेखित तथ्यांक हेर्दा, जे बढ्नु पर्ने थियो, घट्दै गएको छ, र जे घट्नु पर्ने थियो, त्यो अझ माथि पुगेको छ, जुसलाई बैंकको असफलता मान्न सकिन्छ । अरू कमजोरीहरूको कारण बुझ्दा, समीक्षा वर्षमा ३३ वटा बैठक बसेको भए पनि आवश्यक निर्णय र सुधार कार्य पर्याप्त भएको देखिँदैन । आन्तरिक लेखापरीक्षण विभागको बैठक पनि १७-१८ वटा बसेको छ, कुलमा ५० वटा बैठक बसेको अवस्था छ, महिनामा करिब २ देखि साडे २ वटा बैठक बस्नु भएको छ, के गर्नुभयो ? यसरी बारम्बार बैठक बसे पनि स्पष्ट प्रगति देखिँदैन, जसले मलाई अत्यन्त निराश बनाएको छ । यदि व्यवस्थापन यसरी नै सञ्चालन गर्छ भने शेयरधनीहरूको हित सुनिश्चित गर्न गाह्रो हुनेछ ।
- बैंकले CSR(Corporate Social Responsibility) मा १ प्रतिशत छुट्याएकोमा फेरि हाम्रो नाफाबाट थप ०.५ प्रतिशत किन काट्यो भन्ने विषय बुझिन । यसरी छुट्याइएको रकम हाम्रो विकास प्रवद्धन कोषमा जान्छ भने, हाम्रो ०.५ प्रतिशत छुट्याउनु आवश्यक थिएन जस्तो देखिन्छ । यसबाट करिब १ करोड रुपैयाँ कोषमा गएको छ, जुन शेयरधनीहरूले प्रत्यक्ष रूपमा पाउनुपर्ने थियो । मैले अरू बैंकहरूमा यस्तो छुट्याइएको अवस्था देखेको छैन । १ करोड मात्र राख्नुपर्नेमा १ करोड ७५ लाख कोषमा गएको छ । यस विषयमा स्पष्ट जवाफ र पारदर्शिता आवश्यक छ । किन हाम्रो नाफाबाट अतिरिक्त ०.५ प्रतिशत छुट्याइएको हो भन्ने कुरा शेयरधनीलाई बुझाउनुपर्छ ।
- पेज नं. १७९ मा उल्लेखित विषयको लागि धन्यवाद व्यक्त गर्न चाहन्छु । हाल करिब १ अर्ब ३ करोड रुपैयाँ Provision का लागि छुट्याइएको देखिन्छ, जसले हाम्रो नाफामा असर पुऱ्याएको छ । उक्त रकम छिटोभन्दा छिटो फिर्ता ल्याइयो भने बैंकको नाफा र शेयरधनीको प्रतिफलमा सुधार देखिनेछ । यसमा तत्काल ध्यान दिन आवश्यक छ ।
- राम्रो भनेको खर्च घटाउनु भएको छ, शाखा घटाउनु भएको छ । Operating cost पनि घटाउनु भएको छ ।
- नेपाल राष्ट्र बैंकले राम्रो निर्देशन दिएको छ । त्यो निर्देशनहरु राम्रोसँग पालनामात्र गऱ्यो भने बैंकको व्यवस्थापन सुधरिन्छ । हामी प्रयास गरिरहेका छौं भनेर लेख्नु भएको छ, प्रयास गरेरमात्र भएन Action मा जानु पऱ्यो ।
- ८९ वटा Legal Case Pending छ । यो Legal Case के छ ? हामीमा कानुन अधिकृत छैन, छ होला नि ? मुद्दा लड्नु पऱ्यो, जित्नु पऱ्यो । ८९ वटा Legal Case हामी सानो संस्था ७० अर्व पुँजी भएको Assets संस्थामा ८९ वटा Legal Case, सबै अदालतमा Pending छ भनेर भन्नु भएको छ, त्यो Legal Case जितेर आए राम्रो हुनेछ भन्ने आशा व्यक्त गर्दछु ।

### ६) श्री उद्धव प्रसाद घिमिरे

- हाम्रो विकास बैंक, झिमरुक विकास बैंक, राप्ती भेरी विकास बैंक लाई गाभेर ठुलो भएको र नयाँ शेयरधनी महानुभावहरुले लाभांश दिनुभएन भनेर गुनासो गर्नु स्वाभाविक हो तर यसको Perfomance नियालेर हेर्दा धेरै कुरामा सुधार गर्नुभएको छ । Balance Sheet पनि राम्रो, समाउँदा खेरी चिपलिने, उचाल्दा खेरी भारी हुने, लाभांश दिने बेला केहि छैन ।
- हामी विकास बैंक नै होला Corporate Building नभएको । यो Corporate Building कहिले तयार गर्नु हुन्छ ? बालुवाटारमा जग्गा खरिद गर्नुभएको छ भन्ने सुनेको छु ? त्यसको क्षेत्रफल कति छ ? कहिले सम्म तयार हुन्छ ? आउने वर्षको साधारणसभाको प्रतिवेदनमा प्रस्तावित भएको स्ट्रक्चर प्रकाशित गर्नु होला ।
- सबै प्रस्तावहरुमा मेरो सहमत छ । तिन जना चाटर्ड एकाउन्टेट ज्यू हुनुहुन्छ तर पनि अझै यो Balance Sheet मा Correction गर्नु सक्नुभएको छैन । अहिले NFRS Sytem ले Balance Sheet लाई परदर्शितामा ल्याउनको लागि अझै तपाईहरुले मेहनत गर्नुपर्दछ । Institute of Chartered



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

Accountants of Nepal (ICAN) ले दिएका निर्देशनहरुमा केहि Disclosure को भाग छुटेको महशुस भएको छ ।

- Card सेवामा अरु बैंक जस्तै हामी पनि चुस्तदुरुस्त हुँदै जानुपर्‍यो । Digital Banking को Process अझै एकदम द्रुत गतिमा जानको लागि यहाँहरुलाई ध्यानाकर्षण गर्न चाहान्छु ।
- Remittance service, Branch, Extension counter अरु बैंकको जस्तो छ कि नाई त्यसमा ध्यान दिनुपर्‍यो । Online सेवामा अझै द्रुत गतिमा जानु पर्छ । Data Storage Recovery कस्तो किसिमले राख्नु भएको छ ?
- Bad Loan बढेको छ, कर्जा असुली भएसी राम्रो हुन्छ र हामीलाई प्रतिफल पनि आउँछ । असार मसान्तसम्ममा हेर्दा १० करोड छ । Latest Quarter हरुको पनि Report राखदिनु भएको भए असाध्यै राम्रो हुने थियो ।
- Corporate Anthem(संस्थागत गान) ल्याउनुभयो, प्रतिवेदनको पछाडी भागमा लेखिदिनुभएको भए हामीले पनि पढ्न पाउथ्यौं ।

**७) श्री शत्रु गन श्रेष्ठ**

- Business Growth कसरी बढाउने ? ऋणीहरुलाई खुसी बनाएर कर्जा प्रवाह गर्नुपर्दछ । More than a Bank को नारा राखेर आरम्भ गरेको बैंक Business गरेको १८ वर्षको दौरानमा यो बैंकले धेरै राम्रो फड्को मार्न सफल भएको छ । आफ्नो हरेक वित्तिय प्रत्तिवेदनमा, हरेक Portfolio मा राम्रो काम गर्दै गईरहेको छ ।
- ज्योति विकास बैंकको मुख्य आधार यसको व्यापक ग्राहक आधार हो, जसले बैंकिङ्ग व्यवसायको उज्वल भविष्य सुनिश्चित गर्छ । हाल १० लाखभन्दा बढी ग्राहक भएका बैंकले सन्तुष्टि पूर्ण वित्तीय सेवा प्रदान गर्दै आएको छ ।
- Technology प्रणाली राम्रो सुरक्षित बनाई यहाँहरूले ISO 27001:2022 प्राप्त गरी ऐतिहासिक सफलता हासिल गर्न सफल भएको छ र आगामी दिनमा पनि बैंकले अर्को अवार्ड चाहिँ ICAN बाट राम्रो वित्तीय प्रतिवेदन निकालेर अझ ICAN बाट पनि एउटा गोल्ड मेडल अवश्य लिनुहुनेछ भन्ने मैले अपेक्षा गरेको छु ।
- नेपालको आर्थिक विकासका लागि Hydropower, Tourism, र Agriculture महत्वपूर्ण क्षेत्र हुन् । यी क्षेत्रमा लगानी गरी रोजगारी सिर्जना गर्न सकिन्छ र Gross Domestic Product(GDP) बढाउन सकिन्छ । बैंकले आगामी दिनमा ब्याज दर घटेको अवसरमा यी क्षेत्रमा लगानी बढाउन सुझाव दिएको छु, जसबाट देशको समृद्धि र आर्थिक विकासको बाटो प्रगतिशील बनाउन सकिन्छ ।

**८) श्री इन्द्र कृष्ण श्रेष्ठ**

- आ.व. ८१/८२ मा बैंकले खुद नाफा १० करोड कमाएको भए पनि नेपाल सरकारले अग्रिम करसहित ४३ करोड बढी उठाएको तर शेयरधनीहरूले डिभिडेन्ड पाएका छैनन् । मलाई लाग्छ सरकारले बैंक र शेयरधनीहरूको हितमा सहयोग गर्नु आवश्यक छ । आगामी सरकारले यस्तो व्यवस्था बनाओस् कि शेयरधनीलाई लाभांश वितरण गरेपछि मात्रै नेपाल सरकारको कर कार्यालयमा रकम बुझाइयोस् ।
- Chairman, CEO वा सञ्चालकहरूले यहाँ बस्दा केवल भत्ता लिने होइन; साना लगानीकर्तालाई dividend वितरण गर्ने उपाय खोज्नु आवश्यक छ । हामी लगानीकर्ताहरूको हितका लागि उचित व्यवस्था हुनुपर्छ, भत्ता लिने मात्र होइन । स्वतन्त्र सञ्चालकले पनि शेयरधनीको हितमा सुझाव दिनु आवश्यक छ । हामी बोले बापत, हामी AGM मा आए बापत, हामीले जाने बुझेका कुरा राखे बापत केही नदिने ? तपाईंहरू मात्रै भत्ता खाएर बस्ने हो ? हामीलाई पनि भत्ता चाहियो नि त, हामी शेयर लगानीकर्तालाई ।
- आ.व.७७/७८ मा प्रति शेयर आम्दानी (EPS) १७.२७ प्रतिशत रहेको छ तर तपाईंको आ.व. ८१/८२ मा चाहिँ २.२८ प्रतिशत रहेको छ । यसमा यो बैंक राम्रो छ, बैंक चलाउने राम्रो मान्छे नभएको पो हो कि ?

- ऋण उठाउनलाई सक्षम, इमानदार, नरम बोली हुनुपर्‍यो । ऋण लिन आउने बेलामा चाहिँ नरम भाषामा बोलिन्छ तर ऋण तिर्नलाई रावण जस्तो देखाउँछ । हामीले नरम भाषा बोलेर, के खाएर हुन्छ कि, के दिएर हुन्छ कि, फकाएर हुन्छ कि, के कसो गर्न सकिन्छ । अहिले त ऋण तिरेन भनेर Direct समातेर, घरजग्गा लिलाम गर्न नमिल्ने अवस्था आएको छ ।
- विभिन्न व्यवसायिक संघ तथा फर्म कम्पनीहरूसँग बैंकको संलग्नता भनेर राखिएको छ यो के का लागि हो ? के हामी वर्तमान अध्यक्ष ज्यू र सञ्चालक, सीईओ, कर्मचारीहरू यो ठुल्ठूला होटलमा गएर खानलाई उनीहरूले डिस्काउन्ट दिएको छ कि ? यो होटलको नाम पनि राख्नुभएको छ, डिस्काउन्ट दिएको छ भने त्यही डिस्काउन्ट हामीले पनि आजदेखि खानुपर्यो ।
- मैले देखेको छु कि ज्योति विकास बैंकमा ८९५ कर्मचारीले सेवा दिँदै आएका छन्, र महिला र पुरुषको सहभागिता बराबरी छ । महिलाहरूको नेतृत्वमा बैंक वित्तीय रूपमा उत्कृष्ट अवस्थामा पुगेको छ । म अनुभव गर्छु कि बैंकमा कर्मचारी र ग्राहकसँग नरम व्यवहार, शिष्टता, र सहयोगी दृष्टिकोण कायम राख्दा ग्राहक सन्तुष्टि बढ्छ ।

**९) बैजु नाथ रौनियार**

- २०८० कात्तिक १२ गतेदेखि सञ्चालनमा आएको सहायक कम्पनी ज्योति क्यापिटल लिमिटेड गठन गरेको छ । यसले बाह्य RTS वालालाई रकम तिर्नु नपरेको मात्र होइन, कर्मचारीहरूलाई रोजगारी पनि दिएको र छोटो कार्यकालमा १ करोड ८० लाखभन्दा बढी नाफा आर्जन गर्न सफल भएको छ ।
- प्रति शेयर बुक नेटवर्थ सुधार भएको छ, जुन अघिल्लो वर्ष १४३.१५ रुपैयाँबाट यसपालि १५०.७५ रुपैयाँ पुगेको छ । तर, प्रति शेयर आम्दानी भने घटेको छ–अघिल्लो वर्ष ३.८८ रुपैयाँ रहेको आम्दानी यसपालि २.२८ रुपैयाँमा झरेको छ, जुन चिन्ताजनक अवस्था हो । लागत नियन्त्रणका लागि १२१ वटा शाखा घटाएर ११८ शाखा गर्नु सकारात्मक कदम हो, जसले भविष्यमा सञ्चालन खर्च घटाउन सहयोग पुर्‍याउने अपेक्षा गर्दछु ।
- निष्क्रिय कर्जाहरू (NPL) गत वर्ष ५.२९% बाट यसपालि ७.७५% पुगेको छ । यसलाई कसरी रिकभर गर्ने भन्ने विषयमा मेरो अनुरोध छ कि केही कर्मचारीहरू छुट्टै ढङ्गले यसमा खटाइयोस् र विशेष प्रयास गरी रिकभरी सुनिश्चित गरियोस् । उहाँहरूको कामकारवाही र मेहेनतबाट मात्र यस्तो सफलता सम्भव हुनसक्ने भन्नेमा म आशावादी छु ।
- कर्मचारी तालिमतर्फ पनि उहाँहरूले १.४ करोड खर्च गर्नुभएको रहेछ । यसबाट हाम्रा कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धि भई संस्थाको समग्र प्रदर्शनमा सुधार आउने अपेक्षा गरिएको र बैंकप्रति आफ्नो उत्तरदायित्व निभाएर, बैंकलाई केही लाभ दिन सक्नुहन्छ भन्ने म अपेक्षा गरेको छु ।
- CSR अन्तर्गतमा जुन खर्च गर्नुभएको छ, त्यसका लागि धेरै धन्यवाद । उहाँहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा खर्च गर्नुभएको छ ।
- आ.व. ८१/८२ को एजेन्डामा छलफल गरी पास गरिने चारवटा प्रस्तावमा म पूर्ण रूपमा समर्थन गर्दछु । आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै, म विशेष रूपमा "परिवर्तनको ज्योति" लागू हुनेमा विश्वास गर्दछु । साथै, यस परिवर्तनसँगै शेयरधनीलाई लाभांश वितरण हुनुपर्ने मेरो अपेक्षा पनि छ ।

**१०) लभराज जोशी**

- बैंकले विगत ३ वर्षसम्म Dividend नदिएको स्पष्ट छ तर यसको सुधारको अवस्था Balance Sheet बाट अध्ययन गर्नुपर्छ । यसले भविष्यमा राम्रो उचाइ लिन सक्छ कि सक्दैन, dividend दिनका लागि कर्मचारीले गरेको मेहनत, कर्पोरेट कार्यालयको व्यवस्थापन र सरकारको सुरक्षा प्रत्याभूतिलाई सबै कुरामा हेर्न आवश्यक छ ।
- हाल लगानी गर्दा कर्जा असुली गर्न कठिनाइ भैरहेकोमा स्थानीय तह (वडा अध्यक्ष) वा अन्य निकायको सिफारिस नपाएसम्म लिलाम प्रक्रिया अघि बढ्दैन, जसले गर्दा कर्जा असुलीमा समस्या आउँछ । निक्षेप, लगानी र एसेट्स व्यवस्थापनमा सुधार भए पनि मुख्य चुनौती कर्जा असुली नै हो ।
- कर्जा असुलीमा सुधार नहुँदासम्म Dividend वितरण गर्न असम्भव छ तर हामी सकारात्मक छौं–यदि आगामी आर्थिक वर्ष ८२/८३ मा Good Governance, राष्ट्र बैंकको सुरक्षा प्रत्याभूति र स्पष्ट



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

नीति/प्रक्रिया लागू भयो भने थोरै भए पनि Dividend वितरण सम्भव हुनेछ । मुख्य कुरा निरन्तर सुधार, सही नीति र कर्जा रिकभरीमा ध्यान दिनु हो ।

- ज्योति विकास बैंकमा सञ्चालकहरूले भत्ता मात्रै खाने होइनन्, उनीहरूको काम बैंकको रणनीति, निर्णय र नीति निर्माणमा महत्त्वपूर्ण योगदान दिनु हो । Board meeting, फाइल अध्ययन, अल्पकालीन र दीर्घकालीन निर्णय लगायतका कामहरूमा उनीहरूले समय र अनुभव लगाएका छन् । तर, शेयरधनीलाई Dividend दिन नसक्दा बैंकको Performance मूल्याङ्कनमा अवरोध आउँछ । मुख्य कुरा–उनीहरूले बैंकको प्रगति, उन्नति र गरिमा सुनिश्चित गर्न निरन्तर प्रयासरत छन् ।
- अध्यक्षज्यू, सञ्चालकज्यूहरूलाई इमान्दार, कर्तव्यनिष्ठ र बैंकप्रति लोयल भएर काम गरेकोमा Appreciate गर्न चाहन्छु । शेयरधनीको जिम्मेवारी भनेको राम्रोलाई राम्रो भन्न र नराम्रोलाई सुधार गर्न सुझाव दिनु हो । आगामी दिनमा हामीले कर्जा रिकभरीमा ध्यान दिनुपर्छ र आवश्यक भए कर्मचारीलाई खटाउनुपर्छ ।
- कर्मचारी खर्च र तालिम खर्च जस्ता विवरण Balance Sheet मा स्पष्ट अध्ययन गरियोस् । हामी शेयरधनीहरूले संस्थाको प्रदर्शन र अध्यक्षज्यू, सञ्चालकज्यू तथा व्यवस्थापनको कामको समीक्षा गरेर Short–Term, Medium–Term र Long–Term नीति निर्धारणका लागि सुझाव दिन सक्छौँ ।
- साधारणसभामा हामीले व्यक्त गरेका विचारहरू सञ्चालक समितिले सार्थक रूपमा लिई आवश्यक Feedback र सुधार गर्नुपर्छ । यहाँ शेयरधनीहरूले सुझाव, प्रश्न र सुधारका मागहरू राख्ने अवसर पाएका छन्, र सञ्चालक समितिले त्यसलाई ध्यानपूर्वक विश्लेषण गरेर Correction गर्नुपर्छ ।
- सञ्चालक समितिका अध्यक्ष, सञ्चालक, आदरणीय व्यवस्थापन समितिका सम्पूर्ण सदस्य साथीहरूले राम्रो रिजल्ट दिनुभयो भने हाम्रो सम्पूर्ण शेयरधनीहरूले तपाईंलाई एउटा हिसाबले सुभाषको रूपमा मात्रै लिन सकिन्छ । सुभाष भनेको सही दिशामा तपाईंहरूले सार्थक परिणत गर्ने र Loan Recovery गर्ने दिशामा अगाडि बढ्ने छ भन्ने विश्वास गरेका छौं । आगामी दिनमा निर्दिष्ट विधिको कुरामा प्रतिबद्ध भएर अगाडि जानुहुनेछ भन्ने विश्वास गर्दै ज्योति विकास बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु, धन्यवाद ।

**११) निरुपमा गुप्ता**

- समय सापेक्ष खर्च बढ्नु स्वभाविक हो, खर्चमा मितव्ययिता अपनाएर अघि बढ्नु हुनको लागि अनुरोध गर्दैं । सबैभन्दा पहिला चाहिँ Green Banking र दिगो परियोजनामा लगानी बढाइयोस् । ग्राहकलाई आकर्षित गर्ने Loyalty Reward, Discount र कार्यक्रम सुरु गरियोस् । बैंकको Mobile Banking App मा नयाँ सुविधाहरू थपेर अझ प्रभावकारी बनाइयोस् र User Friendly बनाइयोस् । बैंकले वित्तीय साक्षरता कार्यक्रम बढाएर नयाँ ग्राहक आधार विस्तार गराइयोस् । ग्राहक सेवामा छिटो प्रतिक्रिया दिने २४/७ Digital Support System विस्तार गरियोस् । भन्ने सुझाव दिन चाहान्छु ।
- Digital Banking र Data Protection, Digital Banking बढ्दै जाँदा ग्राहकको Data Protection कसरी सुनिश्चित गरिएको छ ? बैंकको Cost Cutting वा खर्च नियन्त्रण रणनीति के कस्तो छ ? जसले नाफा बढाउन सकोस । बैंकको NPL नियन्त्रण गर्न अहिले कस्ता ठोस कदम चालिएको छ ? अन्य विकास बैंकसँगको प्रतिस्पर्धामा नाफा र सेवा विस्तार बढाउन बैंकको मुख्य रणनीति र योजना के छ ? साना लगानीकर्ता र SME व्यवसायलाई सहयोग, सहुलियतपूर्ण कर्जा र दीर्घकालीन सहयोग दिन बैंकको विशेष रणनीति के छ ? भन्ने जिज्ञासा राख्दै मेरा जिज्ञासाहरु सुनि मनन गर्नुहुने अपेक्षा राखेको छु ।

**१२) ब्रम्हदेव शाक्य**

- ज्योति क्यापिटलले आ.व. २०८१/८२ मा ७% लाभांश वितरण गरेको रहेछ, जुन हाम्रो लागि खुशीको कुरा हो । यसले हाम्रो सहायक कम्पनीले उत्कृष्ट प्रदर्शन गरेको पुष्टि गरेको छ ।
- संस्थागत सुशासनलाई प्राथमिकता राखेर काम गर्ने हाम्रो मुख्य ध्येय रहेछ । साधारणसभा ढिलो भएकाले कम्पनीले नियमानुसारको समयसीमा पालना गर्न सकेन । आगामी वर्ष त्यस्तो नहोस् भन्ने म आग्रह गर्न चाहन्छु ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

- यस आर्थिक वर्षमा के कारणले लाभांश वितरण गर्न सकिएन, म यस सभामा फेरि "लाभांश नदिएको" विषयमा विवाद गर्न चाहन्न । आगामी वर्ष लाभांश वितरण हुने अपेक्षा छ । लाभांश नदिनुको मुख्य कारण Non–Performing Loan को क्रमिक वृद्धि हो । विगत पाँच वर्षमा एनपीएल बढ्नु समग्र देशको वित्तीय प्रणालीसँग सम्बन्धित चुनौती हो, केवल ज्योति विकास बैंकको मात्र समस्या होइन । अबको सरकारले दृढ आर्थिक नीति अपनाएर लगानीकर्ताको मनोबल बढाउने, लगानी प्रवाह सुनिश्चित गर्ने र कर्जा असुली सुधार्ने आशा गरौं ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएको सबै कामको अनुमोदन गर्दछु । साथै, आगामी वर्ष भदौ २४ गतेको ध्वंसात्मक घटनाबाट प्रभावित सरकारी संरचनाहरूको पुनर्निर्माणका लागि सरकारले स्थापना गरेको राष्ट्रिय पुनर्निर्माण कोषमा यस अन्तर्गतका रकमहरू योगदान गरियोस् भन्ने कामना गर्दछु ।

**१३) गोविन्द बहादुर केसी**

- हामी देशको आर्थिक स्थिति, विदेशी नीतिको कुरा गर्छौं, देशमा विभिन्न चरणमा नाकाबन्दी भएका छन्, भूकम्प भएको छ, विविध कारणहरू हुन सक्छन् । कहिले हामी ब्याजदरको उपल्लो Rangeमा पुगेका छौं, कहिले न्यूनतम बिन्दुमा पुगेको छ । हाम्रो देशलाई आर्थिक मन्दीले पक्कै पनि असर गरेको छ । तर सधै भरि हामीले विगतका कुराहरूलाई देखाएर हाम्रा कमी-कमजोरीहरूलाई ढाकछोप गर्ने अवस्था रहनु हुँदैन ।
- हाम्रो बैंकले कति कमायो, हामी कति ब्याज हासिल गर्न सक्षम भयौं, हाम्रो EPS कति हो, हामीले Business Growth कति गर्न सकेका छौं । राष्ट्रिय स्तरका विकास बैंकहरू धमाधम Dividend दिन सक्षम भएका छन् । त्यो अवस्थामा तपाईंहरूको कार्यक्षमतामाथि प्रश्न उठाउने कि नउठाउने ?
- अब हामीहरूले स्पष्ट रूपमा हाम्रो Vision के हो ? हामीले वार्षिक नीति कार्यक्रम कस्ता बनाएका छौं ? अब हामी राम्रो अवस्थामा लैजानको लागि कसरी अगाडि बढ्ने ? हाम्रो बोर्डले फेरि समीक्षा गर्न आवश्यक छ ।
- CEOको नेतृत्वमा रहेको टिम सक्षम र अनुभवी देखिए पनि अपेक्षित रिजल्ट आउन सकेको छैन । लगानीकर्ताको मुख्य अपेक्षा भनेको Dividend हो, यस तर्फ तपाईंहरू पक्कै आउँदा दिनहरूमा चनाखो हुनुपर्छ । बोर्डमा बसेपछि जिम्मेवारी अनुसार कार्यकुशलता देखिनुपर्छ, नत्र सबै लगानीकर्ताबाट समर्थन प्राप्त हुँदैन । व्यवस्थापन टिम पनि सक्षम देखिएकाले समन्वयमा काम गरी परिणाममुखी बन्न आवश्यक छ; बोर्ड र व्यवस्थापनबीच असमझदारी हुनु हुँदैन ।
- एनपीएलको उच्च अवस्थाबाट गुज्रिरहेका छौं, र ज्योति विकास बैंकको एनपीएल झण्डै ८% पुगेको देखिन्छ, । यसलाई सुधार गर्न चालु आर्थिक वर्षमै ५% भन्दा तल झार्न आवश्यक छ, तब मात्र ब्यालेन्स सिटमा सकारात्मक सुधार देखिन सक्छ ।
- म स्वयं बैंक तथा वित्तीय संस्थाबाट आएको हुँ, र त्यहाँ काम गर्ने कर्मचारीहरूले अत्यधिक कार्यभार झेल्नुपरेको अवस्था देखिन्छ–धेरैजसो ढिलोसम्म काम गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा कमसेकम उचित बोनसको व्यवस्था भए कर्मचारीहरू उत्साहित भई अझ राम्रोसँग काम गर्न प्रेरित हुन्छन्, तर त्यो पनि पर्याप्त देखिँदैन ।
- ज्योति विकास बैंकमा लागेको यो ग्रहणरूपी छायालाई अवश्य पनि हामीले आउँदा दिनमा प्रगति उन्मुख लैजान सक्छौं र गरेर देखाउँछौं भन्ने तपाईंहरूले प्रण गर्नुपर्छ ।

**१४) इन्द्र प्रसाद लामिछाने**

- अघिल्ला साधारणसभाहरूमा अधिकांश शेयरधनीहरू उपस्थित हुन पाउने अवस्था थिएन र आफ्ना विचार राख्न, बोल्न-सुन्न पाउन कठिन हुन्थ्यो । तर यसपटक ढिलो भए पनि साधारणसभामा उल्लेखनीय उपस्थिति देखियो, जसले शेयरधनीहरूको चासो र उत्साह बढेको संकेत दियो ।
- ज्योति विकास बैंक अरू विकास बैंकहरू जस्तै मर्जर वा बलियो संरचनासहित अगाडि आएको देखिन्न । बटम-लाइन भने केही मजबुत देखिए पनि अन्य वित्तीय सूचकहरू अनुसार बैंक हाल सबैभन्दा कमजोर अवस्थामा छ ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

- बैंकको वर्तमान वित्तीय कमजोरी केवल आन्तरिक व्यवस्थापनको मात्रै होइन, राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरूले समेत प्रभाव पारेको छ । बोर्ड र म्यानेजमेन्टले यस विषयमा समीक्षा र छलफल गर्न आवश्यक छ, किनभने वित्तीय क्षेत्रका विषम परिस्थिति–जस्तै सहकारी संस्थामा देखिएका समस्या, कोरोना, भूकम्प, बाढीपीडितको असर, र हालैको जेन्जी आन्दोलनले बैंकलाई चुनौती दिएको छ । शेयरधनीको दृष्टिकोणले, साधारणसभा मात्र गरेर कर्तव्य पूरा भएको होइन; सुधारका उपाय खोज्न, जोखिम व्यवस्थापन गर्न र बैंकलाई दिगो वित्तीय मजबुतीतर्फ लैजान बोर्ड र म्यानेजमेन्ट सक्रिय हुनु पर्छ ।
- डिजिटल सेवा विस्तारले ग्राहक पहुँच बढाएको र सञ्चालन लागत नियन्त्रणमा सहयोग गरेको छ । खराब कर्जा न्यूनीकरणका लागि कडा अनुगमन, रिकभरी टोली, लिलाम र कानुनी प्रक्रिया अपनाइएको छ । शेयरधनीहरूलाई प्राप्त सफलता र असफलताका तथ्याङ्क प्रष्ट पारिनु आवश्यक छ, जसले आगामी सुधार र रणनीति तय गर्न सहयोग पुर्‍याउँछ ।

**१५) युगल नारायण बसेल**

- ढिलो गरी साधारणसभाको आयोजना भएको छ । जरिवाना तिर्नुपर्ने पर्ने होला भन्ने चिन्ता थोरै छ र धेरै चिन्ता ज्योतिको चहक घट्दै गएको छ । आर्थिक विवरणहरूले यही देखाएका छन् । तेस्रो वर्ष पनि लगातार लगानीकर्ताको हात खाली हुने अवस्था आएको छ ।
- यो सञ्चित घाटाबाट पार कसरी हुने भन्ने कुरा एउटा चुनौती र मूल प्रश्न यहाँ छ भन्ने मलाई लाग्छ । स्वभावैले EPS पनि घटेको छ । सबै शेयरधनीहरुको कुरा कम्पनीलाई नाफामा लैजानुहोस्, हामीलाई प्रतिफल दिनुहोस् । सञ्चालकहरूले पनि लगानी गर्नुभएकै छ, उहाँहरूले पनि पाउनुहोस्, कर्मचारीहरूले बोनस पाउनुहोस् भन्ने सबैको भनाइ छ ।
- अब मैले छोटो सुझाव पनि भनिहालूँ । सुझावहरु यस प्रकारका छन् :
  क. कर्जा असुलीमा तीव्रता दिनुपर्यो ।
  ख. सुरक्षित क्षेत्रमा लगानी बढाउनुपर्यो ।
  ग. सभा मंसिर महिनाभित्रै गर्नुपर्यो ।
  घ. सञ्चालक समितिको बैठकको समयावधि लम्ब्याउनुपर्यो र संख्या घटाउनुपर्यो ।

**१६) महेन्द्र बहादुर श्रेष्ठ**

- बैंकले निक्षेपकर्ताहरूको ब्याजदर सन्तुलित रूपमा बढाउन आवश्यक छ, जसले कर्जा प्रवाहलाई सहज बनाउँछ । कर्जा लगानी गर्दा केवल धितोमा भरोसा गर्नु पर्याप्त छैन; व्यवसायको प्रकार, तिर्ने क्षमता, र दीगो आर्थिक अवस्था मूल्याङ्कन गरेर लगानी गर्नु जरुरी छ, ताकि कर्जा सुरक्षित रहोस् र बैंकको वित्तीय स्थिरता कायम रहोस् ।
- हालको परिस्थितिमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्दा केवल धितो वा सम्पत्तिमा भरोसा गर्नाले पर्याप्त हुँदैन; व्यवसायको क्षमता र दीगो आय मूल्याङ्कन गर्नु जरुरी छ । गैर-बैंकिङ सम्पत्ति बिक्री गर्दा उच्च कर र प्रशासनिक शुल्कले लाभ न्यून हुने हुँदा यसलाई सावधानीपूर्वक व्यवस्थापन गर्नु आवश्यक छ ।
- गैर-बैंकिङ सम्पत्ति बिक्री हाल नेपालमा व्यावहारिक रूपमा सम्भव छैन । त्यसैले कर्जा प्रवाह गर्दा 'Win-Win' वातावरण सिर्जना गरी लगानीकर्ता र ऋणी दुवैलाई सुरक्षित बनाउनु जरुरी छ । असुली नहुँदा प्रोभिजन राख्नु अनिवार्य भएकोले यसले बैंकको खुद नाफामा असर पुर्‍याउँछ र डिभिडेण्ड वितरण असम्भव बनाउँछ ।
- पश्चिमी पर्यटकको आगमन घट्दा होटल र पर्यटन क्षेत्रमा लगानीले अपेक्षित प्रतिफल कम पाइरहेको छ । यसले कर्जा असुलीमा चुनौती सिर्जना गर्दैछ र भविष्यमा यसको सुधारका लागि रणनीतिक योजना आवश्यक देखिन्छ ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

## १७) उत्सव सुन्दर श्रेष्ठ

- वर्षमा एकपटक आयोजना हुने साधारणसभामा शेयरधनीलाई न्यूनतम स्वागत समेत नहुनु खेदजनक छ । ठूलो खर्च देखिए पनि आधारभूत व्यवस्थापनको अभावले सञ्चालक समितिको कार्य क्षमता माथि प्रश्न उठाएको छ । डिभिडेन्ड नहुँदा झन् शेयरधनीको सम्मान आवश्यक हुन्छ ।
- शेयरधनीलाई डिभिडेन्ड दिन नसकेको अवस्थामा पनि सञ्चालक समितिका बैठकहरू महँगा होटल तथा रिसोर्टहरूमा आयोजना गरिएको देखिन्छ । यस्तो खर्चको औचित्यबारे स्पष्टता आवश्यक छ ।
- कम्पनीले Asian Life Insurance Company को शेयर करिब रु. ६८२ को उच्च मूल्यमा खरिद गरेको देखिएको छ । हालको बजार अवस्थासँग तुलना गर्दा उक्त लगानी महँगो निर्णय भएको देखिन्छ, जसले लगानी निर्णय प्रक्रियामाथि प्रश्न उठाएको छ । यस्तो उच्च मूल्यमा शेयर किन खरिद गरियो ? त्यसबेला के आधार र विश्लेषण प्रयोग गरिएको थियो र यसबाट कम्पनीलाई के प्रतिफल अपेक्षित थियो ?
- Nepal Financial Reporting Standards (NFRS) अनुसार वित्तीय विवरण तयार गर्दा तथ्याङ्कहरू यथार्थ र त्रुटिरहित हुनुपर्छ । तर Asian Life Insurance Company सम्बन्धी विवरणमा करिब रु.३४८ हुनुपर्ने स्थानमा रु.४६९ देखिनु गम्भीर असंगति हो । यो फरक किन र कसरी भयो ? के यो गणनात्मक त्रुटि हो ? यहाँ Chhimek Laghubitta सम्बन्धी विवरणमा करिब रु.४३० हुनुपर्ने स्थानमा रु.३०५ देखिनु, साथै अन्य लगानीहरूमा पनि यस्तै असंगति देखिनु गम्भीर विषय हो । त्यसैले, यी तथ्याङ्कीय फरकहरू किन र कसरी उत्पन्न भए, र NFRS कार्यान्वयनमा गरिएको खर्चको वास्तविक उपलब्धि के हो ?
- Directors Expenses अन्तर्गत रु.५९ लाख ७६ हजार खर्च देखिएको छ, जुन सामान्यतया न्यून हुने शीर्षक हो; लाभांश नदिइएको अवस्थामा यस्तो ठूलो खर्चको औचित्य स्पष्ट गर्न आवश्यक छ, किनकि यो सामान्य रकम होइन ।
- Professional & Legal Expenses अन्तर्गत रु.२४ लाख ३९ हजार खर्च भएको देखिन्छ । साथै जिल्ला अदालतमा ४०-४५ वटा मुद्दा रहेको अवस्थामा आगामी वर्षमा यस्तो खर्च अझ बढ्ने सम्भावना छ, त्यसैले यी मुद्दाहरूको कारण र औचित्य स्पष्ट पारिनुपर्छ ।
- राष्ट्र बैंकको निर्देशन अनुसार जे खर्च गरे पनि संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतमा बसेर खर्च गर्नुपर्छ तर डोनेशन भनेर हजार रुपैयाँ खर्च गर्नुभएको छ ।
- Non–operating Expenses मा Loan Write–off झण्डै २४ करोड १९ लाख ७५ हजार ५२७ रुपैयाँले गर्नुभएको छ । "हामीले दिएको लोनमा कुनै गडबड छैन, भए कारबाही गर्नुस" भन्नुहुन्छ तर यस्तो ठूलो रकम कसरी र कसलाई राइट अफ भयो भन्ने कुरा खुलेको छैन । यदि अर्को वर्ष पनि यस्तै ठूलो राइट अफ भयो भने डिभिडेन्ड कसरी बाँडिने हो ? बैंकको काम भनेको इन्ट्रेस्ट इन्कमबाट शेयरधनीलाई डिभिडेन्ड वितरण गर्नु हो, त्यसैले यसमा पारदर्शिता आवश्यक छ र हामीलाई पनि स्पष्ट जानकारी दिनुपर्छ ।
- NBA मा ठूलो रकम देखिएको छ । यदि यो NBA बिक्री गर्न सकिएन भने फेरि NBA मै बस्नेछ । NBA dipose गर्न कति गाह्रो हुन्छ, खर्चमाथि खर्च बढाएर NBA मा मात्र किन सकार्ने ? बरु ऋणीसँग समन्वय गरी "मिड-वे" उपाय अपनाउनुहोस् ।
- सुप्रीम कोर्ट र डिस्ट्रिक्ट कोर्ट को मिलाएर झण्डै ९० वटा मुद्दा देखिन्छ । यस अवस्थामा कर्मचारी र व्यवस्थापनले के निगरानी गरिरहेका छन् भन्ने कुरा स्पष्ट हुनुपर्छ, किनभने मुद्दामा मात्र अल्झिँदा बैंकको पैसा आउँदैन र संस्थाको स्थिति कमजोर हुन्छ । अन्य बैंकहरूले जस्तो पारदर्शिता कायम गर्दै, स्पष्ट विवरण राख्नुपर्छ । कुन मुद्दा कहाँ र कस्तो अवस्थामा छ ।
- तीन वर्षदेखि डिभिडेन्ड शून्य छ तर स्टाफको बोनस भने नियमित भैरहेको छ; यसपालि पनि उनीहरूले कम्तीमा २.४३ प्रतिशत बोनस पाएका छन् । हामी शेयरधनीले न डिभिडेन्ड पाएका छौं न कुनै सम्मानजनक सुविधा तर स्टाफले तलब र बोनस दुवै पाउँदैछन्, जुन असन्तुलित र असहमति योग्य देखिन्छ । राष्ट्र बैंकले दिएको कैफियत अनुसार उहाँहरूले जवाफ दिन सक्नुभएन । हरेक कम्पनीले प्रगति र गतिविधि सम्बन्धी विवरण खुलाउन सक्छ–कस्तो काम भयो, के भइरहेको छ, के योजना छ–तर यहाँ त्यो पनि हुन सकेन ।

- मैले बोलेको कुरा माइन्युटमा स्पष्ट देखिनुपर्छ, किनभने आजभोलि बैंक र कम्पनीहरूले बोलेको र लेखेको फरक देखाइरहेका छन् ।

**ख) १८ औं वार्षिक साधारणसभामा लिखित रुपमा आफ्नो मन्तव्य तथा सुझाव पेश गर्नुभएका शेयरधनी महानुभावहरु :**

**१) श्री रोज कुमार श्रेष्ठ**

- ऋण प्रवाह कमि भएको कारण र डिपोजिट पनि कमि भएको कारण अर्को वर्ष नाफामा कमि हुने दखियो ।
- NPL पनि करिब करिब उस्तै रहेको देखिन्छ ।
- Distributable Profit झण्डै १ अर्ब ऋणात्मक भएको हुनाले बडो होसियारीपुर्वक बैंक संचालन गर्नु हुन अनुरोध छ ।

**२) श्री नरसिंह लाल चखूँ**

- Report को Performance सन्तोषजनक मान्नुपर्छ । शेयरधनीको हितमा ध्यान जानुपर्दछ । वित्तिय अनुसाशनहरु पनि सचेत हुनुपर्छ ।
- Key Performance Indicators, Strength and achievements मा सुधाराकार्य जारी राख्नु पर्छ ।
- यस्तै Business Model, Value Creation, Revenue Structure, Product Portfolio, Technology (Digital Infrastructure), Resource Mgmt मा सुधार भइरहनु पर्छ र ध्यान दिइरहनु पर्छ ।
- बैंकको Future Outlook, Customer Treatment, Information Handling, Business Conduct मा सफल मान सकिन्छ । Loan loss लाई Recovery, Write–back गर्नुपर्छ ।
- Risk Management Structure and Framework, Governance Structure, Risk Culture and Reporting जस्ता नीतिगत विषयमा व्यावहारिक भई सुधार गर्दै जानुपर्छ ।
- अबको अवस्थामा Political Risk, Event Risk, प्रणालीगत जोखिम र नीतिगत जोखिममा सरलता बनाएर यसबाट बच्ने तरिकाबाट बाहिर आउन सक्षम हुदै छ भन्ने महशुस गर्न सकिन्छ । NII (Net Interest Income) एवं Income Ratio बढाउन सहयोग गर्नुपर्छ ।
- Produced Default Risk एवं NPL Recovery को लागि Recovery Team Active भई Risk Mgmt. एवं Credit Mgmt. Team सँग पनि समन्वय गरी ती Risk सृजनालाई समाधानको बाटो पहिल्याउनु पर्छ भने थानेको छ । Retained earnings लाई Positive बनाउने प्रयास हुदैछ भने लाग्छ ।
- Province Head, Dept. Leader एवं Branch Manager हरू आफ्नो जिम्मेवारी प्रति कर्तव्यनिष्ठ हुनुपर्छ भने थानेको छु ।
- Performance Report लाई Study गरी त्यसको व्यावहारिक प्रयोग एवं सुधारात्मक कार्यमा अग्रसर हुनुपर्छ । ROA, ROI, ROE मा सुधार गर्दै जाने तर्फ सचेत छन् भन्ने लाग्छ ।
- Financial Highlights स्वस्थ एवं Qualitative बनाउन सक्षम हुनुपर्छ ।
- Per employee Business Income मा थप सुधार गर्दै जानुपर्छ । Branch हरुको Performance profit Oriented हुनुपर्छ भन्न चहान्छु ।
- Management, Information एंव System लाई Strength बनाउने कार्य जारी रहेको छ ।
- HR Efficiency Development मा जोड दिएर HR Motivation गर्न Management सचेत छन ।

**३) श्री माधव प्रसाद सिंखडा**

- यस बैंकको अध्यक्ष ज्यू, सञ्चालक ज्यूहरू, कम्पनी सचिव ज्यू, व्यवस्थापक ज्यू, कर्मचारी र शेयरधनी साथीहरू, यस बैंकको साधारण सभामा मेरो केही सुझाव:

  १. समयमा साधारण सभा गर्नु होला । यस साधारण सभामा लाभांशको प्रस्ताव नआएकोमा दुःख लागेको छ । आगामी साधारण सभामा लाभांश सहित गर्नुहोला ।

  २. ३३ पटक संचालक समितिको बैठक बसेको देखियो तर यो साधारण सभा किन ढिला भएको हो जानकारी दिनुहोला र आगामी वर्ष समयमा साधारण सभा गर्नुहोला ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

३. यस बैंकले आफ्नो संस्थागत गीत निकाल्नु भएकोमा खुसी व्यक्त गर्दछु ।
साधारण सभाको सबै प्रस्तावमा मेरो समर्थन छ । साधारण सभाको सफलताको शुभकामना ।

**४) श्री कृष्ण प्रसाद अधिकारी**

- यस कम्पनीले आज १८ वर्ष पूरा गरी १८ औं सभा गरेको छ । पुस महिनामै सभा गर्ने व्यवस्था गर्नुहोला । हामी ज्योति विकासले कहिले सभा गर्छ भनेर व्यग्र थियौं । सञ्चालक समिति बैठक वर्षमा ७ चोटि गर्नुपर्छ । बैंकले अरु बैंकबाट भुक्तानी लिने नयाँ व्यवस्था गरेको सुनें, राम्रो छ यो कुरा । महिला कर्मचारी ४५% रहेछन्, यसलाई ५०% पुऱ्याइदिनुस्, पूर्ण महिलाको प्रतिनिधित्व हुन्छ । आगामी वर्षमा केही प्रतिफल आउला भनी आशावादी छौं । मोटो मात्र होइन पातलो संक्षिप्त प्रतिवेदन पनि छपाउनुहोस्, खर्च बच्छ । वार्षिक साधारणसभाको सफलताको कामना ।

**५) प्रा.डा. श्री रामजी प्रसाद पण्डित**

- हामीले २०२३ देखि कुनै पनि लाभांश पाइरहेका छैनौं । बैंकले कर्मचारीको तलब, कुल नाफाबाट कर्मचारीहरूलाई बोनस, अन्य प्रशासनिक लागत र सरकारी कर तिर्न पर्याप्त नाफा कमाउँदै आएको छ तर शेयरधारकहरूलाई कुनै लाभांश छैन । हामीले आगामी आर्थिक वर्षमा लाभांशको अपेक्षा गरेको छौ ।
- वित्तीय संस्थाहरूको संख्या घटाउन र मर्ज गरिएका संस्थाहरूको वित्तीय अवस्था बलियो बनाउन नेपाल राष्ट्र बैंकले मर्जर र प्राप्तिको अवधारणा सुरु गरिएको थियो । राष्ट्र बैंकको बलियो निर्देशन पछ्याउँदै, हाम्रो विकास बैंकलाई ज्योति विकास बैंकले अधिग्रहण गर्यो । तर मर्जर यसको वित्तीय अवस्था तीव्र रूपमा खस्कियो । सञ्चालक समिति, सीईओ, व्यवस्थापन टोलीले वित्तीय अवस्था सुधार गर्ने प्रयास गरिरहेका छन् तर बैंकको वित्तीय अवस्था सुधार गर्न सफल हुन सकेका छैन ।
- ज्योति विकास बैंकको नाममा रहेको गैर बैंकिङ सम्पत्ति बेच्न अनुरोध गर्न चाहन्छु ताकि Impairment Charge घटाउन र नाफा बढाउन सकियोस् । यसको वार्षिक साधारणसभामा अनुमोदनको लागि प्रस्तुत गरिएका सबै प्रस्तावहरूमा मेरो पूर्ण समर्थन छ ।
- बैंकको घाटा कम गर्न र उल्लेखनीय नाफा बढाउन कडा परिश्रम गर्नुहुने अध्यक्ष, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन टोली र सबै कर्मचारीहरूलाई मरो तर्फबाट धन्यवाद दिन चाहन्छु । मेरो विचारमा बैंकको भविष्य र प्रगतिको बारेमा सही निर्णय गर्न अध्यक्ष, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापन टोली सक्षम छन् ।

**६) श्री लक्ष्मण बहादुर श्रेष्ठ**

- कम्पनीको बार्षिक साधारणसभा किन ढिला भएको हो ? आगामि साधारणसभा नियमित समयमै गर्न अनुरोध गर्दछु । यस कम्पनीले आर्थिक वर्ष २०८१/८२ मा लाभांश दिन नसकेपनि आगामि आर्थिक वर्षमा लाभांश दिनेमा म आशावादी छु ।
- कम्पनीलाई जेनजी आन्दोलनले के कति प्रभाव पुर्याएको छ सभामा जानकारी दिनुहुन अनुरोध गर्दछु । कम्पनीको आर्थिक प्रतिवेदन अध्ययन गर्दा खर्च धेरै देखिएकाले मितव्ययीता अपनाउन आग्रह गर्दछु ।
- आजको दिनसम्म कम्पनीलाई यहाँसम्म ल्याउन काम गर्ने कर्मचारीप्रति आभार प्रकट गर्दै साधारण सभामा पेस सबै एजेण्डामा मेरो पुर्ण समर्थन जनाउँदै यो वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

**१०. शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरू र सभाध्यक्ष स्वयम् र सभाध्यक्षको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफ :**

**क) प्रमुख कार्यकारी अधिकृत**

प्रमुख कार्यकारी अधिकृत कपिल ढकाल ज्यूले यस सभामा सहभागी सबैमा रचनात्मक सुझावका लागि पुनः धन्यवाद ज्ञापन गर्नुभयो । आदरणीय शेयरधनी महानुभावहरुको सुझाव अमुल्य रहेको बताउनु हुदै निम्ननुसार प्रतिक्रिया दिनुभयो ।

- साधारणसभामा उपस्थित हुँदै गर्दा यो तेस्रो साधारण सभा हो, जसमा हामीले Dividend Declare गर्न सकेका छैनौं । Execution को पार्टबाट बैंकको करिब ९०० स्टाफहरू सहित सम्पूर्ण संयन्त्रलाई अगाडि बढाएर लाभांश विवरण गर्ने अपेक्षा थियो, त्यो शेयरधनीको पार्टमा Stakeholders मध्ये सबैभन्दा महत्वपूर्ण शेयरधनीको पार्टको डिभिडेन्डमा हामी 3rd Year मा आउँदा पनि हामीले लाभांश दिन नसक्दाको अवस्थामा शेयरधनी महानुभावहरुले जे-जस्तो सुझावहरू दिनुभएको छ, जे-जस्तो Pain व्यक्त गर्नुभएको छ, त्यसलाई हामीले चाहिँ असाध्यै हृदयमा लिएका छौं ।
- शेयरधनी महानुभावहरुले दिनुभएको सबै सुझाव हामीलाई एकदम Value add गर्ने खालका छन् र त्यसमा हामी गम्भीर रूपमा लाग्ने नै छौं ।
- केही वर्ष अगाडि हामीले कुरा गर्दा १६ वर्षसम्म घरजग्गा किन्ने कार्य किन गर्न सकेनौं भन्ने एकदमै ठूलो प्रश्न थियो जुन हामीले गत वर्ष फुकाउन सकेका थियौं । यो भन्दा अगाडिको साधारणसभामा यहाँहरूको सुझाव बमोजिम नै ती कामहरू गरेका थियौं र यस साधारणसभामा भएका सुझावहरूलाई पनि अर्को साधारणसभा सम्ममा हजुरहरूलाई चित्तबुझ्दो लेभलमा हामी सुधार गर्छौं भन्ने विश्वास मैले लिएको छु ।
- NBA को सन्दर्भमा यो वर्ष हामीले करिब-करिब ५० करोडको NBA Sell गर्न सफल भएका छौं । यसमा नयाँ NBA आएर Closing NBA को देखिने कुरा एउटा छ, तर क्लोज पनि गर्न सफल भएका छौं ।
- Legal Case हरूमा पनि NBA मा ल्याएपछि Sell गर्न अलि सहज हुने, खरिदकर्ताहरु लिलामको सम्पत्ति किन्न आँउदा पनि खरिद गर्नलाई गारो मान्ने, हिचकिचाउने भएको कारणले NBA मा ल्याएपछि Legally Strong हुने भएको कारणले हाम्रो यो NBA मा आउने र जाने क्रम चलिनै रहेको छ र NBA को सेलको Point of View बाट हेर्दाखेरि, अहिले अलि परिस्थितिवश धेरै NBA गर्नुपरेको अवस्था पनि हो, तर NBA सेलमा सबैभन्दा Highest Sell यसपालि गरेर गएका छौं ।
- रिकभरीसँग सम्बन्धित कामलाई हामीले बढाउँदै जाँदा, जसरी यो राष्ट्रको अर्थतन्त्रमा एक्सटर्नल अफेयर्सको लागि फरेक्स कति रिजर्भ छ भन्ने हुन्छ, त्यसैगरी यो रिकभरी सम्बन्धमा पनि प्रोभिजनको हिसाबले चाहिँ भविष्यमा डिभिडेन्ड दिन मिल्ने तर अहिले चाहिँ विभिन्न रेगुलेटरी र लिगल प्रोभिजनले गर्दा डिभिडेन्ड दिन नमिल्ने फण्डको हिसाबले हामी माथि नै छौं ।
- बैंकमा कर्मचारीहरुले कति गर्छन् भन्दा पनि हाम्रो आवश्यकता के हो भन्ने हिसाबबाट एक्स्ट्रा माइलेज दिएर र ओनरसिपमा फुल ओनरसिप लिएको, अपरेसन्समा अन्य बैंकभन्दा हाम्रो साथीभाइहरू बढी लागेको, मेरो म्यानेजमेन्ट टिम निरन्तर रुपमा लाग्नु भइरहेको छ । हाम्रो साथीभाइहरू दुःख त छ तर त्यो दुःखलाई डिभिडेन्ड दिन सकियोस् भन्ने हिसाबबाट बढी नै खट्दा खेरि कहीँ कतै फेरि दुःखद घटना पनि भए । त्यसलाई हामीले यहाँहरूले दिएकै सुझाव बमोजिम अरू शेयरधनीहरूले पनि रिकभरी गर्ने क्रममा हामी हार्ड मात्र होइन सफ्ट पनि हुनुपर्छ भन्ने हिसाबले हामीले यहाँहरूले दिएकै सुझाव बमोजिमकै कार्यहरू गर्दै गएका छौं । जे गर्दा रिकभर हुन्छ, सफ्ट हुँदा हुन्छ भने सफ्ट हुने, हार्ड हुँदा हुन्छ भने हार्ड–भनेको त बोलीले हार्ड भएर अर्थ छैन अहिले, लिगल्ली हार्ड हुने कुरामा कहीं सम्झौता गरेका छैनौं ।
- चैतमा के हुने, असारमा के हुने भन्ने कुराहरूको एनालिसिस गरिसकेर यसमा यथेष्ट म्यानेजमेन्ट र बोर्डमा छलफल गरेर हामीले यसको लागि छुट्टै पोलिसी बनाएका छौं । त्यो पोलिसीलाई समय अनुसारले, रिकभरीलाई नै सहजता ल्याउन समय अनुसारले करिब-करिब जेनेरल्ली ३ महिनादेखि ६ महिनाको बीचमा परिष्कृत पनि गर्दै गएका छौं र त्यो पोलिसी अनुसारले हामी अगाडि बढ्दै गएका पनि छौं । त्यसरी पोलिसी अनुसारले अगाडि बढ्दै जाँदा लास्ट इयरको चैत र असार, असारपछि अहिले पुससम्मको अवस्थामा यहाँहरूले नै भन्नुभएकोमा इन्डिपेन्डेन्ट्ली आएर राष्ट्र बैंकले हेरिसके पछाडि उहाँहरूले पहिलाको अवस्था भन्दा इन्फर्मल्ली कुरा गर्दा तपाईंहरूको रिकभरीको पेस बढेको छ भन्ने छ ।
- सेपरेट पोलिसी, सेपरेट टास्क फोर्स, सेपरेट पोलिसी लेभलका कुरा फुकाउन बोर्ड लेभलको कमिटी लगायतका हाम्रो संयन्त्रलाई रिभ्यु र रिइन्फोर्समेन्टको लागि एक दिनमा हामीले ३ पटक मिटिङ गर्छौं । रिकभरीसँग सम्बन्धित केसहरूमा खटाइएको साथीभाइहरूले कहाँ के कस्तो रिजल्ट आयो र त्यसमा गाँठो फुकाइदिनलाई गर्नुपर्ने कामहरू हामीले तुरुन्त गरेका छौं ।

JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

- क्यापिटल एडिक्वेसी, टोटल क्यापिटल एडिक्वेसीको हिसाबले हामी बलियो स्थानमा छौँ । यो क्यापिटल एडिक्वेसीमा हामीलाई अहिले रेगुलेटरी रिक्वायरमेन्ट भन्दा निकै माथि १३.८५% को आसपासमा छौं ।
- NFRS अन्तर्गत असार मसान्त पछाडि भएका केही फाइनान्सियल प्रोग्रेसहरू र केही फाइनान्सियल अवस्था हेरेर त्यसको ब्यालेन्ससिटमा एडजस्टमेन्ट गर्ने कि नगर्ने भन्ने यो अडिटरले नै हेर्नुपर्ने हुन्छ । त्यो अनुसारले मिलाउँदा अनअडिटेड र अडिटेडमा डिफरेन्स आएको हो ।
- नर्मल व्यवसायसँग सम्बन्धित विषयहरूमा जब रिकभरी तिर जान्छ, त्यसपछि संविधान प्रदत्त जुन अधिकार छ, त्यो अधिकार प्रयोग गर्नलाई हामी कसैले पनि वञ्चित गर्न सक्ने अवस्था छैन तर हामीले त्यसलाई मिनिमाइज गर्नलाई सकेसम्म नेगोसिएसनमा आउने र उहाँहरूले स्पेसल्ली रिकभरी क्लाइन्ट्सहरूको केसमा नर्मल बिजनेस कोर्समा Time Buy गर्न सकिन्छ कि भन्ने हिसाबबाट अगाडि बढ्दा उहाँहरूले एस्तो केसहरू हालेको अवस्था हो तर म यहाँहरूलाई खुसीका साथ भन्न सक्छु कि आजसम्म बैंक हारेको भने छैन ।
- रिकभरी एप्रोचमा शेयरधनी महानुभावहरुले दिएको सुझाव जस्तै हामीले हामी एकदम 'Agree to Disagree' भन्ने हिसाबबाट नै उहाँहरूलाई बोलाएर लिगल्ली गर्नुपर्ने एक्सनहरूमा फेरि पनि छोडेर रिकभरीलाई असर गराउने त हामीसँग चान्स नै भएन, त्यो छोडेकै छैनौँ । लिगल्ली जे-जे हुन्छ त्यही हुन्छ भन्ने हिसाबबाट नै हामीहरू अगाडि बढेको अवस्था छ । त्यसमा हामीले कहिँ कतै यो Friction ल्याउने भन्दा पनि हामी 'Agree to Disagree' मा अगाडि बढ्ने Principle बाट अगाडि बढेका छौं
- अनलाइन सेवाका डिजिटल बैंकिङ्ग सर्भिसमा हामीले ध्यान दिँदा राम्रो होला भनेर नयाँ प्रोडक्टहरूको पनि शेयरधनीहरुले हामीलाई सुझाव दिनुभएको छ । यसैलाई मनन गरेर नै हामीले लास्ट इयर नै Nutranix भन्ने प्रोसेसिङमा चाहिँ कहिल्यै पनि डाउन नआउने र वर्ल्डमा अलि मस्ट मोडर्न प्रोसेसर हामीले In गरिसकेकै छौं ।
- डिजिटल बैंकिङ्गमा Inter Bank Financial Transaction(IBFT) सुरु गरेका छौं । त्यसैगरी हामीले AI को प्रयोग गरेर लगभग ५-६ वटा एरियामा विकास बैंकहरूमा पहिलो र कतिपयमा कमर्सियल बैंकमै पहिलो भएर पनि डिजिटल बैंकिङ्ग सर्भिसमा हामीले ध्यान दिएका छौं । तर यहाँहरूले जुन इनोभेटिभ कुराहरू दिनुभएको छ, त्यसलाई पनि हामीले मनन गरेर यसकै Permutations and Combinations बाट हामीले फेरि टिममा छलफल गरी यस विषयलाई पनि समेटी डिजिटल बैंकिङ्ग प्रोडक्टहरूलाई समयसापेक्ष बनाउँदै लैजानका लागि यहाँहरू समक्ष प्रतिबद्धता व्यक्त गर्दछु ।
- डेटा सुरक्षित र रिकभर Ensure गर्नका लागि ISO Certification गरेर गएकोमा शेयरधनी महानुभावहरुले चासो राख्नुभयो एकदम धन्यवाद छ । यसले अझ हामीलाई झकझकाउने छ । ISO सँग सम्बन्धित टिम एकदमै राम्रो छ । ISO सर्टिफिकेसन दिन सक्ने लेभलमा छन् हाम्रा स्टाफहरू । Digital Asset को सुरक्षामा कहाँ के हुन्छ भन्ने कुरामा त वर्ल्डले नै भन्न सक्दैन ।
- Corporate Anthem Dream नै थियो र यहाँहरुले दिनुभएको एकदम गहन र असल सुझाव छ । यसलाई हामी छलफल गरेर एउटा निष्कर्षमा पुग्नेछौं ।
- हामीले Awards को केसमा ICAN बाट गोल्ड मेडल अवार्ड प्राप्त गर्ने गरेर काम गर्न पाए हुन्थ्यो भन्ने सुझाव राख्नुभएको छ । त्यसलाई हामीले नोट गरेका छौं । अब यो चाहिँ एकै वर्ष भन्दा पनि अब यो Figure सँग पनि सम्बन्धित हुने भएको भएर यसलाई चाहिँ हामीले यहाँले दिएको सुझाव अनुसारले हामी Fine Tuning गर्ने कामलाई अगाडि बढाउने छौं ।
- Financial Statement मा कतिले पैसा तिरे, तिरेनन्, पैसा नतिरेको मान्छेहरू अथवा संस्थाको पनि नाम आए हुन्थ्यो भन्ने कुरा राख्नुभएको थियो त्यसमा केही Legal समस्याहरू आउन सक्छ भन्ने भएर हो तथापि यहाँले दिएको सुझावलाई चाहिँ यो हामी मनन चाहिँ गरेका छौं ।
- एजीएम रिपोर्ट मोबाइलमा म्यासेज पठाउनुका साथै सफ्ट कपीको लिंक पनि पठाएका थियौं । तथापि यहाँहरूको कसैको मोबाइल नम्बर हाम्रो अपडेट हुन छुट भएको रहेछ भने त्यो छुट नहोस् भन्ने हिसाबबाट हामीले यसलाई अगाडि बढाउँछौं ।
- हामीले जुन Merchant Tie–up गरेको भनेको Discount Tie–up हो । नर्मल मान्छे जाँदाखेरि लाग्ने चार्ज र बेच्ने प्राइस र ज्योति विकास बैंकको Account Holder जाँदाखेरि त्यसमा लाग्ने चार्जहरू फरक छ । त्यसैले



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

हाम्रा एकाउन्ट होल्डरहरूलाई त्यस्तो कुनै आवश्यकता परेको सामान किन्नुपर्ने छ भने ज्योतिको एकाउन्ट होल्डर भएपछि त्यो डिस्काउन्ट पाउने गरेर टाइअप गरेको हो । AGM Booklet को पार्टमै शीर्षकमा भएको कारणले र यहाँहरू पनि कहिँ कतै जाँदाखेरि शेयरधनीहरूले त्यो इन्फर्मेसन युज गरेर डिस्काउन्ट लिँदाखेरि लाभ होला भन्ने हिसाबबाट हामीले त्यहाँ राखेको हो ।

- हाम्रो खर्चमा विगत तीन वर्षमा सामान्यतया कम्पनीहरूको खर्च १०-१५% Annually बढ्छ । तर हाम्रो विगत तीन वर्षमा हाम्रो खर्च उल्टै ४ करोडले घटेर ३८ करोडबाट ३४ करोडमा आएको छ । डिभिडेन्ड दिन नसक्दा त्यो लेबलको Pain लिएर बस्ने संस्था ज्योति विकास बैंक हो ।
- अरु विकास बैंक र कमर्सियल बैंकहरूले पनि गर्न नसकेका धेरै वटा विधामा हामीले ज्योति विकास बैंकले गरेका छौं । हामीले Dynamic, क्रियाशील भएर अगाडि बढाउने कामहरू गरि नै रहेका छौं । रिकभरी गर्नसक्दा ठूलै फड्को मार्न सकिन्छ भन्ने हिसाबबाट रिकभरीमा कुनै पनि कसर बाँकी नराख्ने, Highest Management त्यसमै लाग्ने तर अरु अङ्ग पनि अरु भन्दा राम्रो हुनुपर्‍यो भन्ने हिसाबबाट गराउँदै गएका छौं ।
- हामीले कतै केही छोड्यौं त? हामीले गर्नुपर्ने काममा कतै Unturned stone राख्यौं त ? भनेर हामी बारम्बार म्यानेजमेन्टमा कुरा गर्दा त्यो पनि छोड्या छैनौं । त्यही भएर हामीले रिकभरीको Pace मा Given the Situation सबभन्दा Fastest गर्नेमा हामी अगाडि आउनुपर्छ भन्ने हिसाबबाट हामी म्यानेजमेन्ट लागिरहेको अवस्था यहाँहरूलाई जानकारी गराउन चाहान्छु ।
- अन्य विकास बैंकहरूले के कति दिए, अरुले के कति दिए, हामी दिन सक्या छैनौं तीन वर्षदेखि भन्ने कुरा छ । हामीलाई Internally बोध भएको र यहाँहरूले भन्न नपर्ने अवस्था बनाउन सकियोस् भन्ने हिसाबबाट हामी अहोरात्र खटेकै अवस्था हो ।
- आगामी आर्थिक वर्षमा Below ५% NPL हुनुपर्ने गरेर काम गर्नुपर्यो भन्ने सुझाव थियो हामी यसलाई छोडेकै छैनौं, त्यही भएर नै Management level meetings हरू धेरै देखिन गएको र बैठक बस्दा पनि Cost Cutting मा हामीले ध्यान दिँदै कस्टलाई Control मै राखेका छौं र कुनै पनि व्यवस्थापनको बैठक बस्दा खाजा खर्च वा बैठक भत्ता हुदैन । विशुद्ध रुपमा तलबमात्र हुने हो ।
- Regulatory र Customers हरूलाई फेस गर्दैगर्दा पनि अब हामीसँग एउटा सबैभन्दा Priority मा रहेको छ । हामी यसलाई नै Focus गरेर हामी अगाडि बढ्नेछौं भन्ने प्रतिबद्धता यहाँलाई जानकारी गराउछु ।

**ख) अध्यक्ष श्री हरि चन्द्र खड्का**

अध्यक्ष ज्यूले सभामा आफ्नो जिज्ञासा तथा सुझाव राख्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्दै निम्ननुसार प्रतिकिया दिनुभयो ।

- यहाँहरूको पीडा र जुन आक्रोश छ, त्यो पक्कै पनि हामी सञ्चालक समितिमा बस्नेहरूले यहाँहरूको ठाउँमा बसेर मूल्याङ्कन गर्दा त्यसरी नै सोच्छौं । लगातार तीन वर्ष भयो, हामीले लाभांश प्रस्ताव गर्न सकेका छैनौं । Post–COVID २०७७/७८ सालमा राष्ट्रिय स्तरको विकास बैंक भएर हाम्रो Business Growth कम भयो भनेर जुन फड्को मार्ने जमर्को गर्यौं, त्यसमा हामी चुक्न पुगेका छौं । हामीले झन्डै १५ अर्ब (यो भनेको तत्कालीन अवस्थामा ५० प्रतिशत भन्दा बढी) Loan Growth गर्यौं । त्यसको Impact त्यसको असर हामी अहिलेसम्म भोगिरहेका छौं । झन्डै ४ अर्ब Provision का लागि छुट्याएका छौं । त्यो Regulatory Provision छ, लोन रेगुलर नभएपछि छुट्याउनुपर्ने ।
- Corporate Building को विषयमा हामीले लगभग दुई वर्ष भयो, बालुवाटारमा ८२ आना जग्गा प्रति आना ९७ लाखको दरले किनेका हौं । Corporate Building को लागि Structure बन्नु भन्दा पहिला गरिने सम्पूर्ण प्रक्रियाको लागि आह्वान पनि गरेका थियौं पत्रिकामा तर हाम्रो यो जुन Distributable Profit, Retained Earning यहाँहरुले ब्यालेन्स सिटमा देख्नुभए जस्तै झण्डै ९८ करोड नेगेटिभ छ । जबसम्म हामी रिटेन्ड अर्निङ पोजेटिभ बनाउन सक्दैनौं, तबसम्म त्यो बिल्डिङको प्रक्रिया अगाडि बढाउन नसक्ने भएको कारणले हामीले केही समयलाई स्थगित गरेका छौं ।
- यहाँहरुले दिनुभएको सुझाव अनुसार ५ प्रतिशत भन्दा तल NPL आएर डिस्ट्रिब्युटेबल प्रफिट पोजेटिभ आउँछ, त्यो बेलामा पक्कै पनि हामीले त्यो बिल्डिङ बनाउने जुन हाम्रो प्लान छ, त्यसलाई अगाडि बढाउने छौं ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

- केही कमी-कमजोरी भएको कुरा यहाँहरुलाई मैले बताइहालें र वित्तीय अवस्थामा जुन कमी-कमजोरी भइसकेपछि हामीलाई अनुभवी, कानुनमा पनि र नेपाल राष्ट्र बैंकमा पनि काम गरेको अनुभवी सञ्चालकको रुपमा हामीले वरिष्ठ अधिवक्ता रेशमराज रेग्मीलाई नियुक्ति गरेका छौं ।
- आ.व. ७७/७८ सालमा लिएको Growth को कारणले ब्यालेन्स सिटमा स्ट्रेस आएको हो । त्यसकारण आजको दिनमा हामीले उच्च व्यवस्थापनमा धेरै परिवर्तन गरेका छौं, जुन कुरा यहाँहरूले पनि देख्न सक्नुहुनेछ ।
- हामीलाई राष्ट्र बैंकले पनि तपाईंहरूको ब्यालेन्स सिट राष्ट्रिय स्तरका विकास बैंकमा सबैभन्दा कमजोर भयो भनेर भनेपछि सञ्चालक रेशम राज रेग्मीको संयोजकत्वमा RRRSC(Rapid Recovery Resolution Committee) गठन गरी रिकभरीलाई strengthen गर्नको लागि समिति गठन गरेका छौं । त्यो कमिटी मार्फत धेरै कामहरू भएका छन् र आगामी दिनमा हामीले पहिले गरेका जुन कमिकमजोरीहरू छन्, त्यसलाई नदोहोऱ्याइकन अगाडि बढ्नेछौं र यस समितिले धेरै मेहेनत गरेको छ, उहाँहरू धन्यवादका पात्र पनि हुनुहुन्छ ।
- हामीहरूको Entry level मा कोही पनि कर्मचारीहरू Junior Assistant को लागि मात्र इन्ट्री गर्दा पनि विभिन्न विधाहरू तोकिएका छन–त्यो म्यानेजमेन्ट, आईटी, कानुन भनेर–त्यो विद्धामा कम्तीमा पनि दोस्रो श्रेणीमा उत्तीर्ण भएकाले मात्र apply गर्न पाउँछन् । त्यसले गर्दा ज्योति विकास बैंकको HR को पार्टमा एकदमै transparent छ भन्ने कुराहरू यहाँहरूलाई निवेदन गर्छु ।
- भर्खरै भएको संसदीय निर्वाचनबाट स्पष्ट संकेत गरेको छ कि स्थिर सरकार बन्यो भने त्यसले आर्थिक गतिविधिहरू बढाउँछ र त्यो आर्थिक गतिविधि बढ्यो भने पक्कै पनि बैंक वित्तीय संस्थाहरूमात्र नभएर समग्र बैंक वित्तीय संस्थाहरूले सहज हुनेछ आगामी दिन भन्ने विश्वास लिन सकिन्छ ।
- जब बैंक Stress मा आउँछ, शेयरधनीलाई return दिन सक्दैनौं, शेयरधनी मात्र नभएर regulator हरूको पनि चासो हुन्छ । हामीले यसलाई सुधार गर्नको लागि धेरै वटा छलफल, धेरै वटा बैठक गर्नु पर्ने आवश्यकता महसुस गर्छौं । त्यसकारण हामीले बैठकहरू अली बढी सख्यामा हुनगयो, कुनै पनि बैठक हामी ४-५ घण्टा भन्दा कम भएका वा बैठक भत्ताको लागि मात्र बैठक बसेको होइन । यहाँहरू शेयरधनी हुनुहुन्छ, बैंकमा आएर हाम्रा बैठक कसरी बस्छन्, कसरी सञ्चालन हुन्छन् भन्ने कुराहरू कम्पनी सचिव मार्फत जानकारी पनि लिन सक्नुहुनेछ ।
- बैंकलाई फेरि पुरानै लयमा ल्याउनको हामी कुनै पनि कसर बाँकी राख्ने छैनौ र कुनै पनि काम गर्न बाँकी थियो भन्ने खालको भन्ने भान भएको छैन । कर्मचारी खर्च र यो तालिमको खर्चको कुराहरू आएको थियो । यो चाहिँ regulatory provision, राष्ट्र बैंकले नै हाम्रो कर्मचारी खर्चको ३ प्रतिशत तालिममा खर्च गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ । त्यही अन्तर्गत हामी यो सीमाभित्र रहेर खर्च गरेका हुन्छौं ।
- हामीले जतिसुकै उत्कृष्ट काम गर्यौं भनेर यहाँहरूलाई बताए पनि अन्त्यमा के प्राप्त गर्यौं त शेयरधनीले ? त्यो प्राप्त गर्न हामी लगातार तीन वर्ष असफल भएका छौं । यसमा हामीले गम्भीर रूपमा समीक्षा गरेका छौं, छलफल गरेका छौं, बहस गरेका छौं र आगामी दिनमा पक्कै पनि यहाँहरूले दिनुभएको सुझाव अनुसार हामी यो संस्थालाई फेरि उत्कृष्ट संस्था बनाउनेछौं भन्ने कुरामा हाम्रो सञ्चालक समिति विश्वस्त रहेको कुरा यहाँहरूलाई निवेदन गर्न चाहें ।

## ११. <u>प्रस्तावमाथि छलफल तथा निर्णयहरू</u> :

**(क) <u>समान्य प्रस्ताव</u>** :

(१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**<u>निर्णय</u> : सभाका अध्यक्षले सञ्चालक समितिको तर्फबाट साधारण सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१/८२ वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित भयो ।**

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।



JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

**निर्णय : लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।**

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

**निर्णय : लेखापरीक्षकको प्रतिवेदनसहितको यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि. को आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरणसहितको बैंकको एकीकृत वित्तीय विवरण (** Consolidated Financial Statement) **लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी पारित गर्ने सर्वसम्मत निर्णय भयो ।**

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णय : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ मा बैंकको लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकमा** BRS Neupane & Co., Chartered Accountants **लाई नियुक्त गर्ने र निजको पारिश्रमिक मु.अ. कर सहित रु.१८,६०,०००।-(अक्षेरेपी अठार लाख साठी हजार रुपैया मात्र) मात्र निर्धारण गर्ने सर्वसम्मत निर्णय भयो ।**

**(ख) विशेष प्रस्ताव :**

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन:-**

छलफलका विषय तथा प्रस्ताव पारित तथा अनुमोदन भएको घोषणा गर्दै अध्यक्ष ज्यूले सभामा उपस्थित शेयरधनी महानुभाव, सम्बन्धित निकायका प्रतिनिधि, पत्रकार, बैंकका कर्मचारी, पदाधिकारी एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिँदै १८ औं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

मिति: २०८२/११/२८

.........................
बलदेव थापा
कम्पनी सचिव

JYOTI BIKASH BANK LTD. Kamalpokhari, Kathmandu

.........................
हरि चन्द्र खड्का
अध्यक्ष- सञ्चालक समिति